नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
विराटनगर, नेपाल

पत्र संख्या : ०८२/८३
चलानी नं :

## लिलाम बढाबढ आह्वान सम्बन्धी सूचना
## प्रथम पटक प्रकाशित मिति :- २०८३/०३/०९

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, सम्पर्क कार्यालय, विराटनगर, मोरडको आ.व. २०८२/०८३ मा लिलाम बढाबढद्वारा पुराना पत्र खर्च भएर नजाने मालवस्तु लिलाम गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा सस्थाबाट देहाय बमोजिमको शर्तहरुको अधीनमा रही रीतपूर्वक लिलाम बढावढ कार्यमा सहभागी भई नाम दर्ता गराउनको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. विवरण

क) सम्पत्ति तथा मालसामानको विवरण :- पुराना पत्र, मर्मत संभार गर्न नसकिने मालसामानहरू।

ख) सम्पत्ति तथा मालसामानको न्युनतम मूल्य रु ५८,४७०।-(अक्षरेपी अन्ठाउन्न हजार चार सय सत्तरी रुपैयाँ मात्र) (भ्याट बाहेक)

ग) लिलाम बढाबढमा नाम दर्ता गराउने अन्तिम मिति र समय २०८२/०३/१५ गते दिनको ०५:०० वजे सम्म।

घ) लिलाम हुने स्थान, मिति र समय, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, सम्पर्क कार्यालय, विराटनगर (महानगरपालिकाको कार्यालयबाट उत्तर विराटेश्वर मन्दिर छेउ) २०८२/०३/१६ गते , विहान ११:०० बजे।

ङ) बढाबढ शुरु हुने न्यूनतम मूल्य रु ५८,४७०।-(अक्षरेपी अन्ठाउन्न हजार चार सय सत्तरी रुपैयाँ मात्र)

२. कारणवश लिलाम बढाबढको लागि तोकिएको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट कार्यालय खुलेको दिनमा क्रमश: सोही समयमा लिलाम बढाबढको कार्य गरिनेछ।

३. लिलाम बढाबढमा नाम दर्ता गराउन इच्छुक व्यक्ति फर्म, कम्पनी वा संस्थाले जम्मा न्यूनतम मूल्यको ५ प्रतिशतले हुन आउने धरौटी बापतको रकम रु २,९२४।- (अक्षरेपी दुई हजार नौ सय चौविस रुपैयाँ मात्र मात्र) कृषि विकास बैंकमा रहेको को.ले.नि.का. मोरडको धरौटी खाता नं. ०६०१६०१०१४०७००४५ मा कार्यालय कोड ३०७८११३०१ राखी जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्नेछ। तत् पश्चात डाक अङ्क बढ्दै गएमा डाक मूल्यको पाँच प्रतिशतका दरले धरौटी रकम कार्यालयमा नगदै थप गर्दै जानु पर्नेछ।

४. प्राप्त लिलाम बढाबढ फाराम स्वीकृत गर्ने, नगर्ने वा आंशिक रूपमा स्विकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ।

५. अन्य कुराहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ तथा सम्पत्ति तथा जिन्सी मालसामान लिलाम विक्री सम्वन्धी कार्यविधि २०७९ अनुसार हुनेछ।

६. लिलाम सकार गर्ने फर्म व्यक्ति वा कम्पनीले सकार गरेको मितिले १ हप्ता भित्रमा सामग्री उठाई सक्नु पर्नेछ।

७. यसका अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा लिलाम गरिने कागजात हेर्न चाहेमा यस कार्यालयको प्रशासन शाखामा सम्पर्क राख्न अनुरोध छ।

नोट :- थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

फोन नं. ०२१-५१६३५०, मो. नं. ९८४१७४०२४८ इमेल : tepcbrt@gmail.com